नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(......प्रशासन......शाखा)

फोन नं.: ४१०६७९१, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७७७
टोल फ्रि नं.: १६६००१७७८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्या:- २०७९/८०/१/११
प्राप्त पत्र संख्या:- ..............
च.नं.:- ९४२

मिति : २०८०/०१/२६

विषय :- रा.प.अनं.द्वि श्रेणी खरिदार वा सो सरहको कर्मचारीको सरुवा रद्ध गरिएको सम्बन्धमा ।

**श्री महाशाखा, सबै ।**
**श्री नापी कार्यालयहरु, सबै ।**
**श्री विशेष नापी कार्यालयहरु, सबै ।**
**श्री डिजिटल नापी कार्यालय, बनेपा ।**

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.स. १.१/प्र/२०७९/०८०/१(१)/६, च.नं १३१२, मिति २०८०/०१/२४ को पत्रसाथ प्राप्त सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स.२०७९/८०, च.नं. ५९६, मिति २०८०/०१/१९ को रा.प.अनं.द्वितीय श्रेणी खरिदार वा सो सरहको कर्मचारीको सरुवा रद्ध गरिएको पत्रको छायाँप्रति जानकारी एवम् आवश्यक कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(विरेन्द्र बहादुर रोकाय)
कानून अधिकृत

<u>बोधार्थ :</u>

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।
श्री योजना तथा जग्गा प्रशासन शाखा : MIS Unit, नापी विभाग ।
श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग : Website मा upload गरिदिनुहुन ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(प्रशासन शाखा)

फोन नं. ४२११६६६
४२११६३२
४२११८२३
४२११८४३
४२००२३१
४२११६६४
फ्याक्स:- ४२११२६३
४२११६४५
सिंहदरबार, काठमाडौं

पत्र संख्या:- १.१.प्र/२०७९/०८०/१(१)६
चलानी नं. १४१२

मिति:- २०८०/०१/२४

विषय:- राजपत्र अनंकित द्वितीय श्रेणी खरिदार वा सो सरहको कर्मचारीको सरुवा रद्द गरिएको सम्बन्धमा ।

श्री राष्ट्रिय भूमि आयोग, ताहाचल ।
श्री सहकारी व्यवस्थापन समितिको कार्यालय, अनामनगर ।
श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल ।
श्री नापी विभाग, मीनभवन ।
श्री सहकारी विभाग, नयाँबानेश्वर ।
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल, काभ्रे ।

नापी विभाग
दर्ता नं.: २४४०
प्राप्त मिति: २०८०-१-२६

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारको प.सं. २०७९/०८० च.नं. ५९६ मिति २०८०/०१/१९ को पत्रको छाँयाप्रति यसैसाथ संलग्न राखी पठाइएको छ । सो सम्बन्धमा निजामती सेवा ऐन, २०४९ मो दफा १८ को उपदफा (३) तथा निजामती सेवा नियमावली, २०५० को नियम ३६ विपरीत विभिन्न मन्त्रालय/आयोग/सचिवालय/कार्यालयहरुले २०७९/०८/२८ देखि २०७९/११/३० सम्मको मितिमा सरुवा/पदस्थापन गरेका राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार वा सो सरहको पदका कर्मचारीहरुको सबै सरुवा/पदस्थापन निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (१२) बमोजिम रद्द गर्ने ।

२०७९/०८/२८ मिति २०७९/११/३० सम्मको मितिमा विभिन्न मन्त्रालय/आयोग/सचिवालय/कार्यालयहरुले सरुवा/पदस्थापन गरेका राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार वा सो सरहका पदका कर्मचारीहरुलाई उल्लिखित अवधिमा लोक सेवा आयोगबाट प्रकाशित विज्ञापन बमोजिम राजपत्र अंनकित प्रथम श्रेणी, नायब सुब्बा वा सो सरहको पदमा बढुवाका लागि सम्भावित उम्मेदवारको सूचीमा समावेश नगर्न सबै बढुवा समितिका सचिवालयमा परिपत्र गर्ने भनी पत्र प्राप्त भएको हुँदा सोहि बमोजिमको निर्णय कार्यान्वयन गर्नु/गराउनु हुन मिति २०८०/०१/२४ को निर्णयानुसार अनुरोध छ ।

(अर्जुन पौडेल)
शाखा अधिकृत

बोधार्थ:-
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।
सूचना अधिकृत श्री चित्र बहादुर चौहान:- Website मा Upload गर्नु हुन ।

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन { ४२००५०४, ४२००२९९, ४२००३०६

फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- २०७९/८०

चलानी नं:- ५९६

मिति: २०८०/०१/१९

विषयः राजपत्र अनंकित द्वितीय श्रेणी खरिदार वा सो सरहको कर्मचारीको सरुवा रद्द गरिएको सम्बन्धमा ।

श्री बढुवा समितिको सचिवालय (सबै),

श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालय (सबै),

यस मन्त्रालयबाट निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० बमोजिम निजामती कर्मचारीहरूको सरुवा तथा पदस्थापनसम्बन्धी कार्यहरू हुँदै आएको छ । यसै सन्दर्भमा लोक सेवा आयोगको बार्षिक कार्यतालिकाअनुसार राजपत्र अनंकित द्वितीय श्रेणी खरिदार वा सो सरहको पदहरूमा विज्ञापन हुनु तत्काल अगाडि लामो समयदेखि सुगम स्थानमा रही काम गरिरहेका कर्मचारीहरू बढुवा प्रयोजनका लागि मात्र दुर्गम स्थानका कार्यालयहरूमा सरुवा भई जाने प्रवृत्तिलाई रोक्न यस मन्त्रालयले मिति २०७९/०८/२८ मा परिपत्र गरी राजपत्र अनंकित द्वितीय श्रेणी खरिदार वा सो सरहको पदका कर्मचारीहरूको सरुवा/पदस्थापन गर्ने तथा सरुवा सहमति प्रदान गर्ने कार्य २०७९ फागुन मसान्तसम्मका लागि स्थगित गरेको थियो । उक्त परिपत्र भइसकेपछि पनि विभिन्न मन्त्रालयहरूले यस मन्त्रालयको सहमतिविना नै बिभिन्न मितिमा राजपत्र अनंकित द्वितीय श्रेणी खरिदार वा सो सरहको पदका कर्मचारीहरूको सरुवा गरेको र त्यसरी गरेको सरुवाले लामो समयसम्म दुर्गम स्थानमा रही कार्यरत कर्मचारीहरूको बढुवामा प्रत्यक्ष असर परी अन्यायमा परेको भनी यस मन्त्रालयमा प्राप्त भएको गुनासो तथा उजुरीका सम्बन्धमा देहायबमोजिम कार्यान्वयन गर्न गराउन यस मन्त्रालयको मिति २०८०/०१/१७ को निर्णयानुसार परिपत्र गरिएको ब्यहोरा अनुरोध छ:-

१. निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (३) तथा निजामती सेवा नियमावली, २०५० को नियम ३६ विपरीत विभिन्न मन्त्रालय/आयोग/सचिवालय/कार्यालयहरूले २०७९/०८/२८ देखि २०७९/११/३० सम्मको मितिमा सरुवा/पदस्थापन गरेका राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार वा सो सरहको पदका कर्मचारीहरूको सबै सरुवा/पदस्थापन निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (१२) बमोजिम रद्द गर्ने ।

२. २०७९/०८/२८ देखि २०७९/११/३० सम्मको मितिमा विभिन्न मन्त्रालय/आयोग/सचिवालय/कार्यालयहरूले सरुवा/पदस्थापन गरेका राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार वा सो सरहका पदका कर्मचारीहरूलाई उल्लिखित अवधिमा लोक सेवा आयोगबाट प्रकाशित विज्ञापनबमोजिम राजपत्र अनंकित प्रथम श्रेणी, नायब सुब्बा वा सो सरहको पदमा बढुवाका लागि सम्भावित उम्मेदवारको सूचीमा समावेश नगर्न सबै बढुवा समितिका सचिवालयमा परिपत्र गर्ने तथा सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालयहरूमा जानकारीका लागि लेखी पठाउने ।

(विकास ढंगोल)

शाखा अधिकृत

बोधार्थः श्री सूचना तथा प्रविधि शाखा,

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः मन्त्रालयको वेबसाइटमा अपलोड गरिदिनुहुन ।